इमेल : mosdkailali07@gmail.com
५२६०५८ (स्वास्थ्य)
५२५२२० (उच्च शिक्षा)
५२७१६८ (जिन्सी)
एक्सटेन्सन नं. ५२५००९
एक्सटेन्सन नं. ५२७१०६
धनगढी, कैलाली

# सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढी, कैलाली २०७४

मिति: २०७९।०८।०६

**विषय : लागत साझेदारीमा सांस्कृतिक कार्यक्रम (लोक नृत्य, लोक गायन र डेउडा प्रतियोगिता) सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

यस मन्त्रालयको चालु आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार भाषा, साहित्य, कला, संस्कृति संरक्षण र सम्बर्द्धन तथा प्रचार प्रसारका लागि प्रतियोगिताहरू (लोक नृत्य, लोक गायन, डेउडा खेल आदि) सञ्चालन गर्न बजेट विनियोजन भएकोले उक्त वजेटको सिमा भित्र रही लागत साझेदारीमा प्रतियोगिता सञ्चालन गर्न इच्छुक संघ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयको भाषा, संस्कृति तथा पुरातत्व संरक्षण शाखामा प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि सुचित गरिन्छ। कार्यक्रम सम्बन्धी थप विवरण तपसिल अनुसार रहेको छ।

तपसिल

- प्रस्ताव पेश गर्दा ३ वटा (लोक नृत्य, लोक गायन र डेउडा) प्रतियोगिता मध्ये कुनै एउटा प्रतियोगिताको लागि प्रस्ताव पेश गर्नु पर्नेछ। कुनै संस्थाले एक भन्दा वढी प्रतियोगिताको लागि प्रस्ताव पेश गर्न चाहेको खण्डमा प्रत्येकको लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्न सक्नेछ।
- प्रतियोगिताको लागि मन्त्रालयबाट प्राप्त अनुदानको कम्तिमा पनि २० % ले हुने रकम वरावरको लागत साझेदारी सम्बन्धित संस्थाबाट हुनु पर्नेछ।
- लोक नृत्य प्रतियोगिताका लागि बढीमा रू.३ लाख, लोक गायन प्रतियोगिताको लागि बढिमा रू.३ लाख, डेउडा प्रतियोगिताको लागि वढीमा रू. ५ लाख सम्म अनुदान मन्त्रालयबाट प्राप्त हुन सक्ने।
- तोकिएको समायवधि भित्र पेश हुन आएका प्रस्तावहरू मध्येबाट सम्बान्धित संस्थाको कार्यक्षेत्र, कार्यअनुभव, कार्यरत जनशक्ति, लागत साझेदारी लगायतका सूचकहरुका आधारमा मन्त्रालयले मूल्याङ्कन गरी उपयुक्त संस्था छनौट गरीने।
- एउटा संस्था एक भन्दा वढी प्रतियोगिता सञ्चालनको लागि छनौट हुने छैन।
- छनौट भएको संस्थाले सम्झौता अनुसार कार्य सम्पन्न गरी विल भरपाई पेश गरे पश्चात नियमानुसार अनुदान रकम भुक्तानी हुने।
- प्रस्तावको ढाँचा
    - ➢ संस्थाको परिचय
    - ➢ संस्थाको कार्यक्षेत्र र हाल सम्म सम्पन्न गरेका (प्रस्ताव संग सम्बन्धित क्षेत्रका) कार्यहरूको विवरण
    - ➢ जनशक्ति विवरण
    - ➢ कार्यक्रमको विस्तृत रुपरेखा
    - ➢ शिर्षकगत अनुमानित खर्चको विवरण र लागत साझेदारी रकम।
- प्रस्ताव पेश गर्दा संस्था दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण पत्र, संस्थाको विधान र नियमावली/विनियमको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
- प्रस्ताव पेश गर्ने संस्था सम्बन्धित क्षेत्रमा काम गर्ने गैर नाफामूलक संस्थाको रुपमा दर्ता भएको हुनुपर्ने।
- प्रस्ताव पेश गर्ने संस्थाको कार्यक्षेत्र सुदूरपश्चिम प्रदेश हुनु पर्ने।

०७९/०८/०६

(लोकेन्द्र प्रसाद भट्ट)
शाखा अधिकृत
शाखा अधिकृत